आज मिति २०७९ वैशाख १० गते शनिवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ८१ औं कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ५ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ६ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ९ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १३ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १४ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १५ | न.का.स | श्री पार्वती अधिकारी | | |
| १६ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १७ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १८ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १९ | न.का.स | श्री शोभा तामाङ | | |
| २० | न.का.स | श्री लिला भुजेल | | |
| २१ | न.का.स | श्री बच्चुराज बस्याल | | |
| २२ | न.का.स | श्री सन्जिव सुनुवार | | |

निर्णयहरुः-

१. स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११६(२) मा भएको व्यवस्था वमोजिम नगरपालिका भित्रको कुनै वडाको वडा समितिका सम्पूर्ण सदस्यहरुले राजिनामा दिएमा निर्वाचन मार्फत नयाँ प्रतिनिधि वहाल नभए सम्म सम्वन्धित वडामा कार्यरत वडा सचिवलाई वडा अध्यक्षको कार्य गर्ने गरी तोक्ने ।

२. टोखा नगरपालिका ( कार्य विभाजन) नियमावली,२०७४ को नियम ६ (२) तथा टोखा नगरपालिका(कार्य सम्पादन) नियमावली,२०७४ को नियम ६ (२) वमोजिम विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको अध्यक्षता गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने ।

३) यस टोखा नगरपालिकाको प्रथम निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको पाँच (५) वर्ष कार्यकाल सम्पालनको क्रममा सहयोग गर्नुहुने नगरवासी नागरिक, जन निर्वाचित प्रतिनिधि राजनीतिक दल, तीनवटै तहका (संघ, प्रदेश, अन्य स्थानीय तह) अन्तर्राष्ट्रिय विकास साझेदार, गैह्र सरकारी संस्था, नागरिक समाज, संघ संस्था, नगरपालिकाका कर्मचारी र सरोकारवाला सबैलाई धन्यवाद दिने ।

४) यस टोखा नगरपालिकाका उप प्रमुख श्री ज्ञानमाया डंगोलको मातामही आमा चैतमाया डंगोलको मिति २०७९।०१।०८ गते भएको असामयिक निधन प्रति गहिरो ~~समवेदना~~ श्रद्धाञ्जली प्रकट गर्दै मृतआत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा समवेदना प्रकट गर्ने ।